# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, वैशाख १ गते २०५० साल ( अतिरिक्ताङ्क १

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नववर्ष २०५० को उपलक्ष्यमा २०५० साल वैशाख १ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

विक्रम सम्वत् २०५० को शुभारम्भमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूको सुख, सुस्वास्थ्य र समृद्धिको निमित्त शुभ-कामना व्यक्त गर्दा हामीलाई खुसी लागेको छ ।

आम जनताको चाहना पूरा गर्न र उनीहरूले भोग्नु परेका कठिनाइहरू कम गर्नमा हामी सबैको ध्यान केन्द्रित हुनु परेको छ । प्रजातन्त्रलाई जनताको हितमा उपयोग गरेर स्वाभिमानी नेपालीहरूको शिर ठाडो राख्ने माध्यम बनाइ मुलुकभित्र र बाहिर जनविश्वासका आधारहरूलाई सबल राखेमा नै प्रजातन्त्रको संस्थागत सुदृढीकरण हुन सक्दछ ।

अन्त्यमा, नेपाल र नेपालीको सुखद भविष्यका लागि सच्चा मनले देशको सेवा गर्ने सद्भाव, शक्ति र प्रेरणा नयाँ वर्षले सबै नेपालीलाई प्रदान गरोस् भन्ने हाम्रो शुभ-कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट २०५० साल वैशाख १ गतेदेखि लागू हुने गरी प्रमुख सचिवालयका सह-सचिव पशुपतिभक्त महर्जनलाई सोही सचिवालयको सचिव पदमा बढुवा गरिबक्सेको छ ।

तोकिएको पदावधि पूरा भई अवकाश पाउने पदाधिकारीहरूमा सचिवद्वय स. र. सुशील शम्सेर ज. ब. रा. र महेश्वरकुमार सिंह हुनुहुन्छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

2566